नेपाल सरकार
महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर, नेपाल

# आवासीय बालगृहको अनुगमनकर्ताको आचारसंहिता, २०७१

## १. पृष्ठभूमि

नेपाल सरकार, मन्त्रीपरिषदबाट स्वीकृत भई लागु भएको आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ को व्यवस्था बमोजिम आवासीय बालगृहको अनुगमनमा खटिई जाने अनुगमनकर्ताको हकमा लागु हुने यो आचारसंहिता केन्द्रीयतहको उच्चस्तरीय बालगृह अनुगमन समितिले तर्जुमा गरी लागु गरिएको हो ।

## २. नाम र प्रारम्भ :

(क) यसको नाम आवासीय बालगृहको अनुगमनकर्ताको आचारसंहिता, २०७१ रहेको छ ।

(ख) यो आचारसंहिता आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ अन्तर्गत गठित केन्द्रीयतहको उच्चस्तरीय अनुगमन समितिले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

## ३. उद्देश्यहरू तथा आधारभूत सिद्धान्तहरू

(क) आवासीय बालगृहको अनुगमनकर्ताको आचारसंहिता, २०७१ को उद्देश्य देहायबमोजिम रहेका छन् :

(अ) आवासीय बालगृहको अनुगमन कार्यको सन्दर्भमा बालबालिकामाथि (तत्काल वा तत्पश्चात) हुनसक्ने सबै प्रकारका दुर्व्यवहारको रोकथाम तथा न्यूनीकरण गर्ने ।

(आ) आवासीय बालगृहको अनुगमनकर्तालाई कुनै पनि समयमा, कुनै पनि रूपले बालबालिकामाथि हुनसक्ने सम्भावित दुर्व्यवहारबारे सजग गराई बालसंरक्षणमा प्रतिबद्ध हुन सघाउने ।

(इ) आवासीय बालगृहको अनुगमनका सन्दर्भमा बालदुर्व्यवहारका कुनै घटना घटेमा पीडित वा प्रभावित बालबालिकाको संरक्षणसम्बन्धी विधि र प्रक्रियाबारे सजग गराउने ।

(ई) आवासीय बालगृहको अनुगमनकर्ताको बोली, आचरण, व्यवहार तथा कार्य बालअधिकार प्रवर्द्धन एवम् बालसंरक्षण सुनिश्चित गर्ने खालको भएको एकीन गर्ने र अनुगमनका सन्दर्भमा गरिने समग्र कार्य पूर्ण व्यवसायिक दक्षतायुक्त भएको सुनिश्चित गर्ने, गराउने ।

(ख) आवासीय बालगृहको अनुगमन गर्दा देहायका आधारभूत सिद्धान्तहरूको सम्मान गरिनुपर्छ :

(अ) आवासीय बालगृहको अनुगमन कार्यको सन्दर्भमा कुनै पनि विषयमा निर्णय गर्दा बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तलाई प्राथमिकता दिइनेछ ।

(आ) आवासीय बालगृहको अनुगमन कार्यको सन्दर्भमा अनुगमनकर्ताले कुनै बोली बोल्दा, व्यवहार र कार्य गर्दा वा निर्णय लिँदा त्यहाँ संरक्षित बालबालिकालाई तत्काल वा दीर्घकालमा समेत कुनै प्रकारको क्षति नपुगोस् वा उनीहरू जोखिममा नपरून् भन्ने कुरामा सजग रहनेछन् ।

(इ) आवासीय बालगृहको अनुगमन कार्यको सन्दर्भमा अनुगमनकर्ताले बालबालिकाको हकअधिकारको प्रवर्द्धनमा तथा बालसंरक्षण सुनिश्चित गर्नमा जिम्मेवारी वहन गर्नेछन् ।

(ई) आवासीय बालगृहको अनुगमन कार्यको सन्दर्भमा अनुगमनकर्ता आफूले प्राप्त गरेको प्रचलित कानुनअनुसार गोप्य राख्नुपर्ने सूचनाजानकारीको गोपनीयत कायम गर्न अनुगमन कार्यमा संलग्न भएको बखतमा र तत्पश्चातसमेत प्रतिबद्ध रहनेछन् । खासगरी बालदुर्व्यवहारको घटना विशेषको अनुगमनमा गोप्य राख्नुपर्ने सूचनाजानकारी तथा तथ्याङ्क आधिकारिक निकाय तथा व्यक्तिलाई कार्यालय प्रयोजनका लागि एवम् घटना व्यवस्थापनका लागि सम्बन्धित व्यवस्थापक/अधिकृतलाई वा कार्यालय प्रमुखले तोकेअनुसार मात्र गर्नुपर्नेछ ।

(उ) बालगृहको अनुगमन गर्दा त्यहाँ संरक्षित बालबालिका संरक्षणको जोखिममा रहेको पाइएमा अथवा बालबालिकाको मानवअधिकार उलंघनका गम्भीर घटना घटेको पाइएमा वा त्यससम्बन्धी उच्च जोखिम देखिएमा त्यस्तो जोखिमबाट बालबालिकालाई तुरुन्तै उद्धार गरी संरक्षणको प्रक्रिया अगाडि बढाउन यथाशीघ्र सम्बन्धित जिल्लाको जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिमा सिफारिस गर्नेछन् ।

(ऊ) बालसंरक्षण कार्य गर्दा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गर्नेछन् ।

(ए) आवासीय बालगृहको अनुगमन कार्य गर्दा अनुगमनकर्ताले इमानदारीतापूर्वक र पारदर्शीरूपमा व्यक्तिगत लाभहानी वा लोभलालचमा नपरी व्यवसायिक दक्षताका साथ कार्य गर्नेछन् । साथै, अनुगमन टोलीका अन्य सदस्यहरूको सम्मान गर्ने तथा उनीहरूलाई आवश्यक सहयोग गर्नेछन् ।

(ऐ) आवासीय बालगृहको अनुगमन कार्यमा जानुपूर्व नै अनुगमनको उद्देश्य, विधि र प्रक्रियाबारे तथा अनुगमन कार्यसँग सम्बन्धित नीति, कानुन, नियमावली तथा मापदण्डका प्रावधानबारे तालिम र अनुशिक्षण लिई आफ्नो व्यक्तिगत तथा व्यवसायिक दक्षता बढाउनेछन् ।

(ओ) अनुगमनको मूख्य उद्देश्य आवासीय बालगृहमा संरक्षित बालबालिकाको अधिकार सुनिश्चित गर्न सघाउनु हो । यसर्थ, अनुगमनकर्ताले अनुगमन कार्य गर्दा बालबालिकाको हकअधिकार, बालसंरक्षण, बालसहभागिता तथा समग्र बालविकासको प्रवर्द्धनमा केन्द्रित गर्नेछन् ।

(औ) आवासीय बालगृहको अनुगमनकर्ताले प्रचलित कानुनले निर्दिष्ट गरेका व्यवस्थाहरूको पूर्ण पालना गर्नुका साथै अख्तियारवाला निकायद्वारा जारी गरिएका निर्देशन तथा निर्देशिकाको पालना गर्नेछन् ।

## ४. आवासीय बालगृहको अनुगमनकर्ताले पालना गर्नुपर्ने आचारसंहिताका क्षेत्रहरू

(क) प्रस्तुत आवासीय बालगृहको अनुगमनकर्ताको आचारसंहिता, २०७१ देहायका व्यक्ति, पदाधिकारी, कर्मचारी तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूको हकमा लागु हुन्छ :

(अ) आवासीय बालगृहको अनुगमन टोलीमा रहेका अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति तथा संस्था एवम् सम्बद्ध निकायका पदाधिकारी, कर्मचारी, सदस्यहरू ।

(आ) आवासीय बालगृहको अनुगमनमा खटिई जाने विषय-विज्ञ, परामर्शदाता तथा अनुगमन कार्यको अवलोकनमा जाने आगन्तुक, पत्रकार तथा अनुसन्धानकर्ताहरू ।

(इ) आवासीय बालगृहको अनुगमनमा टोली खटाउने अख्तियारप्राप्त निकायमा निर्णयतहमा रहेका मूख्य पदाधिकारी तथा कर्मचारीहरू ।

(ख) यो आचारसंहिता कार्यान्वयन गर्नु, गराउनु सम्बद्ध सबै निकायका पदाधिकारी, कर्मचारी र आवासीय बालगृहको अनुगमनकर्ताको दायित्व हो ।

(ग) देहायका प्रक्रियाबाट केन्द्रको हकमा केन्द्रीय बालकल्याण समिति र जिल्लाका हकमा जिल्ला बालकल्याण समिति (तथा बालकल्याण अधिकारी) का पदाधिकारी र कर्मचारीहरूले आवासीय बालगृहको अनुगमनका सन्दर्भमा प्रस्तुत आचारसंहिता अन्तर्गतका दायित्व एवम् प्रतिबद्धता पूरा गर्नेछन् :

(अ) आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्वद्ध व्यक्ति, संस्था एवम् निकायहरूलाई यस आचारसंहिताबारे अभिमुखीकरण गरी जानकारी गराइनेछ ।

(आ) आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूले अनुगमन कार्यमा जानुपूर्व यस आचारसंहितालाई पढीबुझी दुई प्रतिमा सहीछाप गरी एक प्रति आफैंसँग राखी र अर्को प्रति अनुगमन कार्यमा खटाउने निकायसमक्ष बुझाउनुपर्नेछ ।

(इ) आवासीय बालगृहको अनुगमन कार्यका सन्दर्भमा बालबालिकामाथि कुनै पनि प्रकारको दुर्व्यवहार भएमा वा दुर्व्यवहारको गम्भीर जोखिममा पुर्याइएमा सोको सूचना दिने प्रक्रियाबारे अनुगमनमा खटिई जाने सम्पूर्ण अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूलाई जानकारी गराइनेछ ।

## ५. आवासीय बालगृहको अनुगमनकर्ताले पालना गर्नुपर्ने आचारसंहिता

५.१ आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायले देहायका कार्य तथा व्यवहार गर्नुहुँदैन[1] :

(क) बालबालिकालाई पिट्न वा शारीरिक रूपमा आक्रमण गर्न वा शारीरिक दुर्व्यवहार गर्न ।

(ख) बालबालिकासँग कुनै पनि प्रकारले शोषणजन्य हुने वा दुर्व्यवहार ठहरिन सक्ने कुनै पनि सम्बन्धको विकास गर्न ।

---

१ यस खण्डमा उल्लेख गरिएका गर्न नहुने व्यवहार र कार्यको सूचीको मूलमर्म भनेको कानुन विपरीत हुने, गलत वा निम्नस्तरको ठानिन सक्ने र कुनै पनि बालक वा वालिकामाथि दुर्व्यवहारजन्य हुन सक्ने प्रकारका व्यवहार एवम् कार्य कसैले पनि कहिल्यै गर्नुहुँदैन भन्ने नै हो । यसर्थ, प्रस्तुत सूचीलाई प्रत्येक वर्ष पुनरावलोकन गरी परिमार्जन तथा अद्यावधिक गरिनेछ ।

(ग) कुनै पनि प्रकारले दुर्व्यवहार ठहरिन सक्ने खालको कुनै क्रियाकलाप गर्न वा बालबालिकालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने प्रकृतिका क्रियाकलाप गर्न, गराउन ।

(घ) अनुपयुक्त, नसुहाउने, अश्लील वा दुर्व्यवहार हुने प्रकारको भाषा, लवज र शब्दको प्रयोग गर्न र अरू कसैलाई वा बालबालिकालाई त्यस्तो गर्न दूरूत्साहन गर्न वा सल्लाह दिन ।

(ङ) अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको व्यवहार वा हाउभाउ वा सङ्केत गर्न ।

(च) बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुर्व्यवहारजन्य कामलाई बढावा दिन ।

(छ) बालबालिकालाई लज्जित पार्न, निरूत्साहित गर्न, होच्याउन वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका कुनै पनि व्यवहार वा क्रियाकलाप गर्न, गराउन ।

(ज) कुनै पनि बालबालिकालाई विभेद गर्न, अनुचित एवम् फरक व्यवहार गर्न वा कसैलाई छुट्याउने गरी कुनै खास बालक वा बालिकाप्रति बढी सदाशयता देखाउन ।

(झ) अरूभन्दा टाढा राखी बालबालिकासँग अनावश्यकरूपमा एकान्तमा धेरै समय बिताउन ।

(ञ) संरक्षित बालबालिका तथा कर्मचारीलाई आतङ्कित पार्ने, हुलहुज्जत हुने तथा डर, त्रास, द्वेष सृजना हुने, विभेद हुने खालका क्रियाकलाप गर्न, गराउन ।

(ट) बालबालिकालाई शारीरिक, मानसिक तथा भावनात्मकरूपमा आघात पुग्ने गरी कुनै व्यक्तिगत गोपनीयताको विषयमा सोधपुछ गर्न ।

(ठ) बालबालिकासँग गलत रूपमा प्रतिविम्बित हुन सक्ने, निम्नस्तरको ठानिन सक्ने वा सम्भावित रूपमा दुर्व्यवहारजन्य हुनसक्ने खालका व्यवहार वा क्रियाकलापबाट अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरू सदैव टाढा रहनुपर्दछ ।

(ढ) बालबालिकालाई असहज हुने तथा लज्जाबोध हुने गरी बोल्न, व्यवहार वा कार्य गर्न, गराउन ।

(ण) अनुगमन स्थलमा अनावश्यकरूपमा कुनै बालक वा बालिकाको फोटो वा भिडियो खिच्न र त्यसलाई कुनै पनि माध्यमबाट प्रचारप्रसार गर्न, गराउन ।

## ५.२ आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूको कर्तव्य

(क) आवासीय बालगृहको अनुगमन कार्यमा बालबालिकासँग सम्पर्कमा रहनुपर्दा अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूले बालसंरक्षण सुनिश्चित गर्न देहायका कार्य एवम् व्यवहार गर्नुपर्दछ :

(अ) बालबालिकालाई जोखिम हुनसक्ने परिस्थितिको बारेमा सचेत हुने र त्यस्ता जोखिमलाई उच्च व्यवसायिक दक्षताका साथ व्यवस्थापन गर्ने ।

(आ) आफ्नो काम गर्दा बालबालिकामाथि हुन सक्ने जोखिम न्यूनीकरण गर्ने गरी योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने ।

(इ) बालबालिकासँग कुराकानी गर्दा, छलफल गर्दा सकेसम्म अरूले देख्नसक्ने गरी खुल्ला ठाउँमा गर्ने र कुनै एक बालक वा बालिकासँग एक्लै कुराकानी गर्न अत्यन्त आवश्यक भएमा बाहेक बालबालिकासँग समूहमा नै कुराकानी वा छलफल गर्ने । त्यसरी बालक वा बालिकासँग एक्लै छलफल गर्नुपर्दा आवासीय बालगृहको कर्मचारी, संरक्षक वा अन्य सम्बन्धित व्यक्तिको अनुमति लिएर मात्र गर्ने । बालिकासँग यसरी कुराकानी सकेसम्म महिलाले गर्नुपर्दछ त्यसो नभएमा निजको संरक्षक वा निज बालिकाले चिनेको महिलाको उपस्थिति आवश्यक हुन्छ ।

(ई) बालबालिकासँग बालअधिकारबारे छलफल गर्ने, उनीहरूलाई के स्वीकार्य हो र के अस्वीकार्य हो भनेर बताउने र कुनै समस्या भएमा उनीहरूले के गर्न सक्छन् भन्ने कुरा बताएर उनीहरूको सशक्तिकरण गर्न सघाउने ।

(उ) बालबालिकाका अधिकारको सम्मान गर्ने र उनीहरूसँग जहिले पनि इमान्दारीतापूर्वक तथा सम्मानका साथ व्यवहार गर्ने । बालबालिकालाई सहभागितामूलक अभ्यासका लागि प्रोत्साहित गर्ने जसले उनीहरूको आफूलाई संरक्षित गर्न सक्ने क्षमतालाई बढाउँदछ ।

(ख) आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूको अनुगमन कार्यका सन्दर्भमा देहायवमोजिम कर्तव्य हुनेछ :

(अ) परिचय पत्रः आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूले अनुगमनमा जाँदा आफू सम्बद्ध कार्यालयको आधिकारिक परिचय पत्र र अनुगमनमा खटाउने निकायले दिएको पत्र साथै लिएर मात्र जानुपर्नेछ ।

(आ) आवासीय बालगृहको अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूले अनुगमन कार्यको सन्दर्भमा आफूलाई दिइएको जिम्मेवारी पालना गर्दा कसैलाई पनि क्षति नपुग्ने गरी (Do No Harm) को मर्मअनुरूप कार्य गर्नु, गराउनुपर्नेछ ।

(इ) पोशाक तथा प्रस्तुतिः आवासीय बालगृहको अनुगमनमा खटिई जाँदा-

(१) सामान्य तथा मर्यादित पोशाक लगाउनु पर्नेछ । र, अनावश्यक तडकभडक तथा भड्किलो खालको श्रृंगार गर्नुहुँदैन ।

(२) प्रहरी कर्मचारी आवासीय बालगृहको अनुगमनमा जाँदा युनिफर्ममा नभई सादा पोशाक लगाएर जानुपर्दछ ।

(३) आवासीय बालगृहको अनुगमनमा जाँदा हातहतियार लिएर जानुहुँदैन ।

(ई) अरूप्रति आदर-सम्मानः

(१) अनुगमनकर्ताले आवासीय बालगृहका कर्मचारी, व्यवस्थापक तथा स्वयमसेवक र त्यहाँ संरक्षित बालबालिकासँग सम्मानजनक, मर्यादित तथा मैत्रीपूर्ण भाषा, बोली र व्यवहार गर्नुपर्नेछ ।

(२) कुनै पनि प्रकारको सञ्चार प्रविधि जस्तैः इमेल, फोन, मोबाइल, वेब साइट (website) प्रयोग गरी अरू व्यक्तिहरूलाई नकारात्मक असर पार्ने, बालगृहका सञ्चालकहरूलाई अनुचित प्रभाव पारी व्यक्तिगत स्वार्थसिद्धी गर्ने वा त्यस्तो महसुस गराउनुहुँदैन ।

(उ) धुम्रपान, मद्यपान पूर्णतः निषेध

(१) अनुगमनको क्रममा अनुगमनकर्ताले धुम्रपान, मद्यपान वा अन्य कुनै लागूऔषधको प्रयोग गर्ने छैनन् र/वा नशामा रहेको बखत बालगृहको अनुगमनमा जाने छैनन् ।

(२) अनुगमन टोलीका अन्य सदस्यले बुँदा (१) मा निषेध गरिएको कामकुरा गरी अनुगमनमा गएमा वा अनुगमन कार्यमा बाधा पुर्‍याएमा आफ्नो निरीक्षक (Supervisor) वा अनुगमनमा खटाउने निकायलाई तुरून्त खबर गर्नुपर्नेछ ।

## ६. बालदुर्व्यवहारबारे सुनुवाइको प्रक्रिया

(क) आवासीय बालगृहको अनुगमनकर्ताबाट बालदुर्व्यवहार भएको जानकारी आएमा वा उजुरी परेमा सम्बन्धित निकायका प्रमुख (केन्द्रको हकमा केन्द्रीय बालकल्याण समिति र जिल्लाका हकमा जिल्ला बालकल्याण समिति) ले तत्कालै बालसंरक्षणमा विशेष दक्ष पदाधिकारी तथा कर्मचारीहरूको तीन सदस्य भएको एक समिति (कम्तीमा एक जना महिला पर्नेगरी) गठन गरी छानबिनको प्रक्रिया अगाडि बढाउनेछन् ।

(ख) बालबालिकामाथि दुर्व्यवहार गरेको भनी आरोप लागेको आवासीय बालगृहको अनुगमनकर्तालाई छानबिनको अन्तिम निर्णय नभएसम्म अनुगमनका कुनै पनि जिम्मेवारी दिइने छैन ।

(ग) बुँदा (क) अनुरूप छानबिन गर्दा अनुगमनकर्ता दोषी पाइएमा प्रचलित कानुनअनुसार कारबाहीको प्रक्रिया अगाडि बढाउन अख्तियार प्राप्त निकायमा सिफारिस गरिनेछ ।

(घ) यस आचारसंहिताअन्तर्गत बालदुर्व्यवहार गरेको भनी लागेको आरोप, प्राप्त भएको सूचनाजानकारी र भए गरिएको छानबिन एवम् कारबाहीको अभिलेख जिल्ला बालकल्याण समितिमा राखिनेछ र, सोको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउनुपर्नेछ ।

## ७. प्रतिबद्धता

मैले प्रस्तुत आवासीय बालगृहको अनुगमनकर्ताको आचारसंहिता, २०७१ लाई पढीबुझी यसको मर्मलाई मनन गरेको छु । यो आचारसंहिता पालना गर्न म मञ्जुर छु र यसको उल्लंघन गरेको ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर :
नामथरः
मितिः
रोहवरः
...................
...................
...................
(अनुगमनमा खटाउने निकायका मुख्य पदाधिकारी वा कर्मचारी)